शिवालय गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १०　　संख्याः ६　　२०८३ जेष्ठ २९

## भाग-२

शिवालय गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयको

सूचना

# शिवालय गाउँपालिकाको बाल संरक्षण मापदण्ड, २०८३

गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०८३ जेष्ठ २९ गते

**प्रस्तावनाः**

नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको, बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकाको अधिकारको संरक्षण, संवर्द्धन तथा बाल संरक्षणका लागि विभिन्न संस्थागत तथा कानूनी व्यवस्था गरेको, उक्त ऐनको दफा ५७ ले विद्यालय, बालबालिकासँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाले बालबालिका विरुद्धको हिंसा तथा बाल यौन दुर्व्यवहारको रोकथाम, बालबालिकाको संरक्षण तथा तत्काल कारबाहीका लागि संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्नुपर्ने व्यवस्था गरेको तथा स्थानीय तहलाई बालबालिका तथा शिक्षा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने अधिकार रहेको सन्दर्भमा शिवालय गाउँपालिका भित्रका बालबालिकाको अधिकारको सम्मान, संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्दै बालबालिका विरुद्ध हुने हिंसा, यौन दुर्व्यवहार, शोषण, उपेक्षा, भेदभाव,

बाल श्रम, जोखिम तथा अन्य हानिबाट संरक्षण गरी सुरक्षित, बालमैत्री, हिंसारहित तथा मर्यादित वातावरण सुनिश्चित गर्न वाञ्छनीय भएकोले,

बालबालिका सम्बन्धी ऐन, २०७५, बालबालिका सम्बन्धी नियमावली, २०७८, तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधीनमा रही शिवालय गाउँकार्यपालिकाले यो मापदण्ड जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "शिवालय गाउँपालिकाको बाल संरक्षण मापदण्ड, २०८३" **रहेको छ।**

(२) यो मापदण्ड गाउँकार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. लागू हुनेः** (१) यो मापदण्ड शिवालय गाउँपालिका क्षेत्रभित्र बालबालिकासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा काम गर्ने देहायका कार्यालय, निकाय, संस्था तथा व्यक्तिमा लागू हुनेछः—

(क) गाउँपालिका कार्यालय तथा अन्तर्गतका शाखा/इकाई,

(ख) वडा कार्यालय,

(ग) सामुदायिक तथा संस्थागत विद्यालय,

(घ) प्रारम्भिक बाल विकास केन्द्र,

(ङ) बाल क्लब तथा बालबालिकासँग सम्बन्धित संस्था,

(च) स्वास्थ्य तथा सामाजिक सेवा प्रदायक निकाय,

(छ) गाउँपालिकासँग सहकार्य वा साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने गैरसरकारी, गैरनाफामूलक तथा सामाजिक संस्था,

(ज) सेवा प्रदायक, स्वयंसेवक तथा बालबालिकासँग प्रत्यक्ष सम्पर्कमा रहने अन्य व्यक्ति वा संस्था।

(२) उपदफा (१) मा उल्लिखित निकाय तथा संस्थाले आफ्नो प्रकृति, कार्यक्षेत्र र जिम्मेवारीअनुसार यस मापदण्डमा निर्धारित न्यूनतम बाल संरक्षणका व्यवस्था लागू गर्नुपर्नेछ।

(३) विद्यालयको हकमा यस मापदण्डले तोकेको न्यूनतम व्यवस्था अतिरिक्त बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५७ बमोजिम विद्यालयले संस्थागत तहमा आवश्यक बाल संरक्षण व्यवस्था निर्माण गरी लागू गर्नुपर्नेछ।

**३. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,–

(क) **"ऐन"** भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनुपर्छ।

(ख) **"नियमावली"** भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ सम्झनुपर्छ।

(ग) **"गाउँपालिका"** भन्नाले शिवालय गाउँपालिका सम्झनुपर्छ।

(घ) **"गाउँकार्यपालिका"** भन्नाले शिवालय गाउँपालिकाको गाउँकार्यपालिका सम्झनुपर्छ।

(ङ) **"विद्यालय"** भन्नाले प्रचलित कानूनबमोजिम शिवालय गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक वा संस्थागत विद्यालय सम्झनुपर्छ।

(च) **"बालबालिका"** भन्नाले प्रचलित कानूनबमोजिम अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनुपर्छ।

(छ) **"बाल संरक्षण"** भन्नाले बालबालिकाको अधिकार, सुरक्षा, मर्यादा तथा सर्वोत्तम हित सुनिश्चित गर्दै हिंसा, दुर्व्यवहार, शोषण, उपेक्षा, भेदभाव तथा अन्य जोखिमबाट बालबालिकालाई जोगाउने र आवश्यक संरक्षण तथा सेवा उपलब्ध गराउने कार्य सम्झनुपर्छ।

(ज) **"बालबालिकाविरुद्धको हिंसा"** भन्नाले प्रचलित कानूनबमोजिम बालबालिकाविरुद्ध हुने हिंसा सम्झनुपर्छ।

(झ) **"बाल यौन दुर्व्यवहार"** भन्नाले प्रचलित कानूनबमोजिम बालबालिकाविरुद्ध हुने यौन दुर्व्यवहार सम्झनुपर्छ।

(ञ) **"दुर्व्यवहार"** भन्नाले बालबालिकालाई शारीरिक, मानसिक, भावनात्मक वा सामाजिक रूपमा हानि पुऱ्याउने, अपमान गर्ने, धम्की दिने, हेप्ने, उपेक्षा

गर्ने, शोषण गर्ने वा अन्य कुनै किसिमले क्षति पुऱ्याउने कार्य सम्झनुपर्छ।

(ट) **"उजुरी"** भन्नाले बालबालिकाविरुद्ध हिंसा, दुर्व्यवहार, शोषण, उपेक्षा, यौन दुर्व्यवहार वा अन्य बाल संरक्षणसम्बन्धी जोखिम भएको वा हुनसक्ने सम्बन्धमा प्राप्त सूचना, निवेदन वा जानकारी सम्झनुपर्छ।

(ठ) **"पीडित वा प्रभावित बालबालिका"** भन्नाले हिंसा, दुर्व्यवहार, शोषण, उपेक्षा, भेदभाव वा अन्य हानिबाट प्रभावित बालबालिका सम्झनुपर्छ।

(ड) **"जोखिममा रहेका बालबालिका"** भन्नाले हिंसा, दुर्व्यवहार, शोषण, उपेक्षा, बाल श्रम, विद्यालयबाट बाहिरिने अवस्था, पारिवारिक संरक्षणको अभाव, विपद् वा अन्य कारणबाट विशेष संरक्षणको आवश्यकता भएका बालबालिका सम्झनुपर्छ।

(ढ) **"बाल संरक्षण सम्पर्क व्यक्ति"** भन्नाले सम्बन्धित संस्था वा विद्यालयले बाल संरक्षणसम्बन्धी कार्यका लागि तोकेको व्यक्ति सम्झनुपर्छ।

(ण) **"रेफरल"** भन्नाले बालबालिकालाई आवश्यक संरक्षण, स्वास्थ्य, मनोसामाजिक, कानूनी, शैक्षिक वा अन्य सेवाका लागि सम्बन्धित अधिकारप्राप्त निकाय वा सेवा प्रदायकसमक्ष पठाउने प्रक्रिया सम्झनुपर्छ।

(त) **"समिति"** भन्नाले यस मापदण्डबमोजिम गठन हुने बाल संरक्षण समिति वा सम्बन्धित विद्यालयमा गठन हुने बाल संरक्षण तथा गुनासो सुनुवाइ समिति सम्झनुपर्छ।

(थ) **"बाल कल्याण अधिकारी"** भन्नाले ऐनको दफा ६१ बमोजिम स्थानीय तहमा रहने बाल कल्याण अधिकारी सम्झनुपर्छ।

(द) **"स्थानीय बाल अधिकार समिति"** भन्नाले ऐनको दफा ६० बमोजिम गाउँपालिकामा रहने स्थानीय बाल अधिकार समिति सम्झनुपर्छ।

(ध) **"सेवा प्रदायक"** भन्नाले बालबालिकालाई स्वास्थ्य, मनोसामाजिक, कानूनी, सामाजिक, शैक्षिक, पुनर्स्थापना वा अन्य आवश्यक सेवा प्रदान गर्ने सरकारी वा प्रचलित कानूनबमोजिम मान्यताप्राप्त संस्था वा व्यक्ति सम्झनुपर्छ।

(न) **"गम्भीर बाल संरक्षण घटना"** भन्नाले बालबालिकाको जीवन, शारीरिक वा मानसिक सुरक्षा, मर्यादा वा अधिकारमा गम्भीर असर परेको वा पर्नसक्ने घटना सम्झनुपर्छ।

(प) **"सम्बन्धित निकाय"** भन्नाले घटना वा विषयको प्रकृतिअनुसार गाउँपालिका, स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी, नेपाल प्रहरी, स्वास्थ्य संस्था, न्यायिक समिति वा प्रचलित कानूनबमोजिम अधिकारप्राप्त अन्य निकाय सम्झनुपर्छ।

(फ) **"गोपनीयता"** भन्नाले बालबालिका, पीडित वा प्रभावित व्यक्ति, उजुरीकर्ता, साक्षी तथा सम्बन्धित परिवारको पहिचान र व्यक्तिगत विवरण अनधिकृत रूपमा सार्वजनिक नगर्ने व्यवस्था सम्झनुपर्छ।

## परिच्छेद-२

## उद्देश्य, सिद्धान्त तथा लक्षित समूह

४. **उद्देश्य:** यस मापदण्डका उद्देश्य देहायबमोजिम हुनेछन्:-

(क) बालबालिकाविरुद्ध हुने हिंसा, बाल यौन दुर्व्यवहार, दुर्व्यवहार, शोषण, उपेक्षा तथा अन्य हानिको रोकथाम तथा न्यूनीकरण गर्नु,

(ख) बाल संरक्षणसम्बन्धी जोखिमको पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गर्नु,

(ग) बालबालिकाको संरक्षणका लागि प्रभावकारी संस्थागत संयन्त्र स्थापना तथा परिचालन गर्नु,

(घ) बालबालिकासम्बन्धी उजुरीको सुरक्षित, शीघ्र, संवेदनशील तथा गोप्य व्यवस्थापन गर्नु,

(ङ) पीडित तथा प्रभावित बालबालिकालाई आवश्यक संरक्षण, उपचार, मनोसामाजिक सहयोग, पुनर्स्थापना तथा अन्य सेवामा पहुँच सुनिश्चित गर्नु,

(च) विद्यालय तथा बालबालिकासँग प्रत्यक्ष काम गर्ने निकाय तथा संस्थामा बालमैत्री, सुरक्षित तथा हिंसारहित वातावरण कायम गर्नु,

(छ) बाल संरक्षणसम्बन्धी जिम्मेवारी भएका पदाधिकारी, शिक्षक, कर्मचारी, सेवा प्रदायक, अभिभावक तथा अन्य सरोकारवालाको क्षमता अभिवृद्धि गर्नु,

(ज) गाउँपालिकाको बाल संरक्षण प्रणालीलाई स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी तथा सम्बन्धित सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गरी प्रभावकारी बनाउनु,

(झ) विपद्, दुर्गम भूगोल, विद्यालय बाहिरिने अवस्था, बाल श्रम तथा अन्य स्थानीय जोखिमका कारण विशेष संरक्षण आवश्यक भएका बालबालिकाको संरक्षण सुनिश्चित गर्नु।

**५. मार्गदर्शक सिद्धान्तः** बाल संरक्षणसम्बन्धी कार्य गर्दा देहायका सिद्धान्त अवलम्बन गरिनेछः—

(क) बालबालिकाको सर्वोत्तम हित,

(ख) जीवन, विकास तथा संरक्षणको अधिकार,

(ग) भेदभावरहित व्यवहार,

(घ) बालबालिकाको विचार तथा सहभागिताको सम्मान,

(ङ) मर्यादा तथा गोपनीयताको संरक्षण,

(च) शून्य सहनशीलता,

(छ) पीडितलाई दोषारोपण नगर्ने,

(ज) पुनःपीडितीकरण रोकथाम,

(झ) शीघ्र तथा प्रभावकारी संरक्षण,

(ञ) पहुँचयोग्य तथा बालमैत्री सेवा,

(ट) अधिकारक्षेत्रको सम्मान,

(ठ) समन्वय तथा सहकार्य।

**६. लक्षित समूह:** यस मापदण्डको कार्यान्वयनबाट विशेष रूपमा देहायका बालबालिका लाभान्वित हुनेछन्:-

(क) सबै बालबालिका,

(ख) अपाङ्गता भएका बालबालिका,

(ग) जोखिममा रहेका बालबालिका,

(घ) हिंसा, दुर्व्यवहार वा शोषणबाट प्रभावित बालबालिका,

(ङ) आर्थिक तथा सामाजिक रूपमा विपन्न बालबालिका,

(च) विद्यालय बाहिर रहेका वा विद्यालय छाड्ने जोखिममा रहेका बालबालिका,

(छ) बाल श्रमको जोखिममा रहेका बालबालिका,

(ज) विशेष संरक्षण तथा वैकल्पिक हेरचाह आवश्यक भएका बालबालिका,

(झ) विपद् वा आपत्कालीन अवस्थाबाट प्रभावित बालबालिका,

(ञ) अन्य विशेष जोखिममा रहेका बालबालिका।

## परिच्छेद-३

## बाल संरक्षणका न्यूनतम मापदण्ड

**७. सुरक्षित तथा बालमैत्री वातावरण:** (१) प्रत्येक विद्यालय तथा बालबालिकासँग प्रत्यक्ष काम गर्ने संस्थाले बालबालिकाका लागि सुरक्षित, हिंसारहित, भेदभावरहित, मर्यादित तथा बालमैत्री वातावरण सुनिश्चित गर्नुपर्नेछ।

(२) बालबालिकामाथि शारीरिक दण्ड, मानसिक यातना, अपमान, गालीगलौज, धम्की, डर देखाउने, हेप्ने वा अन्य अमर्यादित व्यवहार गर्न पाइनेछैन।

(३) विद्यालय वा संस्थाले बालबालिकाले आफूलाई परेको समस्या वा जोखिमबारे सुरक्षित रूपमा जानकारी गराउन सक्ने वातावरण निर्माण गर्नुपर्नेछ।

(४) विद्यालय तथा संस्थाले सम्भव भएसम्म सुरक्षित खानेपानी, शौचालय, सरसफाइ, प्रकाश, पहुँचयुक्त संरचना तथा सुरक्षित आवागमनको व्यवस्था गर्नुपर्नेछ।

**८. भेदभाव निषेध:** बालबालिकाको जात, जाति, लिङ्ग, भाषा, धर्म, संस्कृति, अपाङ्गता, आर्थिक अवस्था, पारिवारिक अवस्था, जन्मस्थान वा अन्य कुनै आधारमा भेदभाव गर्न पाइनेछैन।

**९. शारीरिक तथा मानसिक दण्ड निषेध:** (१) बालबालिकालाई अनुशासनमा राख्ने नाममा शारीरिक वा मानसिक दण्ड दिन पाइनेछैन।

(२) अनुशासन कायम गर्दा बालमैत्री, सकारात्मक तथा सुधारात्मक उपाय अवलम्बन गर्नुपर्नेछ।

**१०. यौन दुर्व्यवहार तथा शोषण निषेध:** (१) बालबालिकासँग कुनै पनि प्रकारको यौनजन्य दुर्व्यवहार, शोषण, अनुचित सम्पर्क, यौन आशययुक्त व्यवहार वा कानूनविपरीत कार्य गर्न पाइनेछैन।

(२) बालबालिकाको पद, शक्ति, प्रभाव, विश्वास वा निर्भरताको दुरुपयोग गरी यौनजन्य वा अन्य कुनै प्रकारको दुर्व्यवहार गर्न पाइनेछैन।

**११. बाल श्रम तथा शोषण निषेध**: बालबालिकालाई प्रचलित कानूनले निषेध गरेको बाल श्रम, शोषण, जोखिमपूर्ण काम वा बालबालिकाको शिक्षा, स्वास्थ्य तथा विकासमा प्रतिकूल असर पर्ने कार्यमा संलग्न गराउन पाइनेछैन।

**१२. अपाङ्गता भएका बालबालिकाको संरक्षण:** (१) अपाङ्गता भएका बालबालिकालाई अन्य बालबालिकासरह समान आधारमा सम्मान, संरक्षण, शिक्षा, स्वास्थ्य, सहभागिता तथा सेवामा पहुँच सुनिश्चित गर्नुपर्नेछ।

(२) आवश्यकता र क्षमताअनुसार पहुँचयुक्त भौतिक संरचना, सूचना, सञ्चार तथा सिकाइ वातावरण उपलब्ध गराउन आवश्यक व्यवस्था गर्नुपर्नेछ।

(३) अपाङ्गता भएका बालबालिकाको अधिकारसम्बन्धी विशेष कानूनी व्यवस्था समेत लागू हुनेछ।

## परिच्छेद-४

## विद्यालय तथा संस्थाको संस्थागत जिम्मेवारी

**१३. विद्यालय/संस्थाको प्रमुखको जिम्मेवारी**: (१) यस मापदण्डको कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी सम्बन्धित विद्यालय वा संस्थाको प्रमुखको हुनेछ।

(२) प्रमुखले बाल संरक्षणसम्बन्धी व्यवस्था कार्यान्वयन, अनुगमन, अभिलेख तथा आवश्यक समन्वय सुनिश्चित गर्नुपर्नेछ।

(३) बालबालिकासम्बन्धी गम्भीर वा कसूरजन्य घटना जानकारीमा आएमा प्रचलित कानूनबमोजिम सम्बन्धित अधिकारप्राप्त निकायलाई तत्काल जानकारी गराउनुपर्नेछ।

(४) प्रमुख स्वयं उजुरीको विषय भएको अवस्थामा सम्बन्धित विषयको व्यवस्थापनमा हितको द्वन्द्व हुने गरी संलग्न हुन पाउने छैन।

**१४. बाल संरक्षण सम्पर्क व्यक्ति:** (१) प्रत्येक विद्यालय तथा सम्बन्धित संस्थाले एक जना बाल संरक्षण सम्पर्क व्यक्ति तोक्नुपर्नेछ।

(२) सम्भव भएसम्म बालबालिकासँग सहज संवाद गर्नसक्ने तथा बाल संरक्षणसम्बन्धी ज्ञान भएको महिला शिक्षक वा कर्मचारीलाई प्राथमिकता दिनुपर्नेछ।

(३) सम्पर्क व्यक्तिको नाम, पद र सम्पर्क विवरण बालबालिका तथा अभिभावकले देख्ने गरी सार्वजनिक गर्नुपर्नेछ।

**१५. सम्पर्क व्यक्तिको काम, कर्तव्य र अधिकार:**

(क) बाल संरक्षणसम्बन्धी सूचना तथा उजुरी ग्रहण गर्ने,

(ख) उजुरीको प्रारम्भिक अभिलेख राख्ने,

(ग) जोखिमको प्रारम्भिक मूल्याङ्कन गर्ने,

(घ) तत्काल आवश्यक संरक्षणका लागि सम्बन्धित अधिकारीसँग समन्वय गर्ने,

(ङ) समिति तथा प्रमुखलाई जानकारी गराउने,

(च) गोपनीयता कायम गर्ने,

(छ) आवश्यक सेवा तथा रेफरलको समन्वय गर्ने,

(ज) बाल संरक्षणसम्बन्धी सचेतना तथा अभिमुखीकरणमा सहयोग गर्ने,

(झ) वार्षिक प्रतिवेदन तयार गर्न सहयोग गर्ने।

तर सम्पर्क व्यक्तिले फौजदारी कसूरको अनुसन्धान, अभियोजन, दोष निर्धारण वा न्यायिक निर्णय गर्न पाउने छैन।

## परिच्छेद-५

## विद्यालयस्तरीय बाल संरक्षण तथा गुनासो व्यवस्थापन

**१६. बाल संरक्षण तथा गुनासो सुनुवाइ समितिः** (१) प्रत्येक विद्यालयमा देहायबमोजिम बाल संरक्षण तथा गुनासो सुनुवाइ समिति रहनेछः-

(क) प्रधानाध्यापक — संयोजक,

(ख) विद्यालय व्यवस्थापन समितिले तोकेको महिला शिक्षक — सदस्य,

(ग) शिक्षक अभिभावक सङ्घको प्रतिनिधि — सदस्य,

(घ) बाल क्लबको प्रतिनिधि — सदस्य,

(ङ) बाल संरक्षण सम्पर्क व्यक्ति — सदस्य—सचिव।

(२) बाल क्लब गठन नभएको विद्यालयको हकमा बालबालिकाको अर्थपूर्ण प्रतिनिधित्व हुने गरी उपयुक्त व्यवस्था गर्नुपर्नेछ।

(३) कुनै उजुरी वा घटनामा संयोजक वा सदस्यको प्रत्यक्ष स्वार्थ, संलग्नता वा उजुरीको विषयसँग सम्बन्ध रहेको अवस्थामा निजले सो विषयको छलफल, निर्णय वा व्यवस्थापनमा सहभागी हुन पाउने छैन।

(४) उपदफा (३) बमोजिम अवस्था उत्पन्न भएमा विद्यालय व्यवस्थापन समितिले हितको द्वन्द्व नभएको वैकल्पिक सदस्य तोकी सम्बन्धित जिम्मेवारी पूरा गराउनेछ।

**१७. विशेष समितिः** (१) प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिको पदाधिकारी वा बाल संरक्षण सम्पर्क व्यक्तिविरुद्ध उजुरी परेको अवस्थामा निष्पक्ष प्रारम्भिक व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समितिले आवश्यकताअनुसार विशेष समिति गठन गर्नुपर्नेछ।

(२) विद्यालय व्यवस्थापन समितिको अध्यक्षविरुद्ध उजुरी परेको अवस्थामा गाउँपालिकाको सम्बन्धित शाखा, बाल कल्याण अधिकारी वा स्थानीय बाल अधिकार समितिसँग समन्वय गरी वैकल्पिक संयन्त्रबाट प्रक्रिया अगाडि बढाइनेछ।

(३) विशेष समितिमा प्रत्यक्ष स्वार्थ वा हितको द्वन्द्व भएको व्यक्ति सदस्य रहन पाउने छैन।

(४) विशेष समितिले प्रचलित कानूनबमोजिम अधिकारप्राप्त अनुसन्धान वा न्यायिक निकायको अधिकार प्रयोग गर्न पाउने छैन।

**१८. समितिको काम, कर्तव्य र अधिकारः**

(क) विद्यालयमा बाल संरक्षण मापदण्ड कार्यान्वयन गर्ने गराउने,

(ख) बाल संरक्षणसम्बन्धी जोखिम पहिचान गर्ने,

(ग) उजुरी ग्रहण तथा अभिलेख गर्ने,

(घ) तत्काल संरक्षणात्मक उपाय अपनाउने,

(ङ) आवश्यकताअनुसार बाल कल्याण अधिकारी तथा सम्बन्धित निकायसँग समन्वय गर्ने,

(च) कसूरजन्य घटनाको सूचना सम्बन्धित अधिकारप्राप्त निकायमा पठाउने,

(छ) पीडित वा प्रभावित बालबालिकालाई आवश्यक सेवामा पहुँचका लागि सहजीकरण गर्ने,

(ज) बालबालिकाको गोपनीयता कायम गर्ने,

(झ) बाल संरक्षणसम्बन्धी अभिमुखीकरण तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने,

(ञ) गाउँपालिकाले तोकेको ढाँचामा प्रतिवेदन पेश गर्ने।

तर समितिले फौजदारी कसूरको अनुसन्धान, अभियोजन, दोषी ठहर वा न्यायिक निर्णय गर्न पाउने छैन।

## परिच्छेद-६

## उजुरी, संरक्षण तथा रेफरल प्रक्रिया

**१९. उजुरी दिन सकिनेः** (१) बालबालिका स्वयं वा बालबालिकासम्बन्धी घटना वा जोखिमको जानकारी भएको अन्य कुनै व्यक्तिले उजुरी दिन सक्नेछ।

(२) उजुरी लिखित, मौखिक, फोन वा उपलब्ध विद्युतीय माध्यमबाट दिन सकिनेछ।

(३) बालबालिकाले मौखिक रूपमा दिएको उजुरीलाई सम्बन्धित व्यक्तिले आवश्यक विवरणसहित अभिलेख गर्नुपर्नेछ।

(४) उजुरीकर्ताले आफ्नो पहिचान गोप्य राख्न अनुरोध गरेमा प्रचलित कानूनको अधीनमा रही गोपनीयता कायम गर्नुपर्नेछ।

(५) उजुरी गाउँपालिका, वडा कार्यालय, विद्यालय, बाल संरक्षण सम्पर्क व्यक्ति, बाल कल्याण अधिकारी वा प्रचलित कानूनबमोजिम अधिकारप्राप्त अन्य निकायसमक्ष दिन सकिनेछ।

**२०. उजुरी प्राप्त भएपछि तत्काल गर्नुपर्ने कार्य:** उजुरी प्राप्त भएपछि सम्बन्धित विद्यालय वा संस्थाले-

(क) बालबालिकाको तत्काल सुरक्षा जोखिम मूल्याङ्कन गर्ने,

(ख) आवश्यक भए तत्काल सुरक्षित स्थान वा संरक्षणको व्यवस्था गर्ने,

(ग) आवश्यक स्वास्थ्य तथा मनोसामाजिक सेवामा पहुँच गराउने,

(घ) अभिभावक वा संरक्षकसँग समन्वय गर्ने, तर त्यस्तो जानकारीबाट बालबालिकालाई थप जोखिम हुने अवस्था भए प्रचलित कानून तथा बालबालिकाको सर्वोत्तम हितअनुसार वैकल्पिक व्यवस्था गर्ने,

(ङ) कसूरजन्य घटना भए सम्बन्धित अधिकारप्राप्त निकायलाई विलम्ब नगरी तत्काल जानकारी गराउने,

(च) घटनासम्बन्धी अभिलेख सुरक्षित राख्ने,

(छ) आवश्यकताअनुसार बाल कल्याण अधिकारीलाई जानकारी गराउने।

**२१. उजुरी व्यवस्थापनको चरण:** उजुरी व्यवस्थापन गर्दा सामान्यतः देहायका चरण अवलम्बन गर्नुपर्नेछः-

(क) उजुरी ग्रहण,

(ख) दर्ता तथा अभिलेखीकरण,

(ग) तत्काल जोखिम मूल्याङ्कन,

(घ) आवश्यक संरक्षण,

(ङ) सम्बन्धित निकायमा रेफर,

(च) सेवा तथा सहयोगको समन्वय,

(छ) फलोअप,

(ज) गोप्य अभिलेख तथा प्रतिवेदन।

**२२. उजुरी व्यवस्थापनको समयसीमा:** (१) तत्काल सुरक्षा आवश्यक भएको अवस्थामा उजुरी प्राप्त हुनासाथ आवश्यक संरक्षणात्मक उपाय अपनाउनुपर्नेछ।

(२) सामान्य उजुरीको प्रारम्भिक जोखिम मूल्याङ्कन सकेसम्म उजुरी प्राप्त भएको दिन र सम्भव नभए अर्को कार्यदिनभित्र गर्नुपर्नेछ।

(३) कसूरजन्य वा गम्भीर घटनाको जानकारी सम्बन्धित अधिकारप्राप्त निकायलाई विलम्ब नगरी तत्काल गराउनुपर्नेछ।

(४) रेफरल गरिएको विषयमा सम्बन्धित बाल संरक्षण सम्पर्क व्यक्ति वा बाल कल्याण अधिकारीले आवश्यकताअनुसार फलोअप गर्नुपर्नेछ।

**२३. कसूरजन्य घटना भएमा:** (१) बालबालिकाविरुद्धको घटना प्रचलित फौजदारी कानूनबमोजिम कसूर हुनसक्ने देखिएमा विद्यालय वा संस्थाले आफैं अनुसन्धान वा अभियोजन नगरी सम्बन्धित अधिकारप्राप्त निकायमा तत्काल सूचना दिनुपर्नेछ।

(२) विद्यालय वा संस्थाले घटनाको प्रमाण नष्ट गर्ने, लुकाउने, परिवर्तन गर्ने वा पीडितलाई दबाब दिने कार्य गर्नुहुँदैन।

(३) उजुरी वा घटनाको जानकारी दिएको कारण कुनै बालबालिका वा उजुरीकर्तामाथि प्रतिशोध, धम्की, दबाब वा भेदभाव गर्न पाइनेछैन।

**२४. गोपनीयता तथा सूचना संरक्षण:** (१) बालबालिकासम्बन्धी उजुरी, घटना, व्यक्तिगत विवरण, स्वास्थ्य विवरण तथा अन्य संवेदनशील सूचना गोप्य राख्नुपर्नेछ।

(२) कुनै प्रयोजनका लागि सङ्कलन गरिएको बालबालिकाको व्यक्तिगत विवरण तथा पहिचान खुल्ने सूचना अन्य प्रयोजनका लागि प्रयोग गर्न पाइनेछैन, कानूनबमोजिम आवश्यक अवस्था बाहेक।

(३) बालबालिकाको नाम, ठेगाना, फोटो, भिडियो, विद्यालय, परिवार वा अन्य पहिचान खुल्ने विवरण अनधिकृत रूपमा सामाजिक सञ्जाल, सञ्चार माध्यम वा सार्वजनिक अभिलेखमा प्रकाशन गर्न पाइनेछैन।

(४) व्यक्तिगत सूचना व्यवस्थापन गर्दा वैयक्तिक गोपनीयता सम्बन्धी कानून तथा अन्य प्रचलित कानून पालना गर्नुपर्नेछ।

## परिच्छेद-७

## पीडित तथा प्रभावित बालबालिकाको संरक्षण

**२५. संरक्षण तथा सेवा:** पीडित वा प्रभावित बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यकताअनुसार देहायका सेवामा पहुँच सुनिश्चित गर्न समन्वय गरिनेछः-

(क) स्वास्थ्य उपचार,

(ख) मनोसामाजिक परामर्श,

(ग) कानूनी सहायता,

(घ) अस्थायी संरक्षण,

(ङ) शिक्षा निरन्तरता,

(च) पारिवारिक पुनर्मिलन,

(छ) पुनर्स्थापना तथा पुनःएकीकरण,

(ज) अन्य आवश्यक सेवा।

(२) गाउँपालिकाभित्र आवश्यक विशेषज्ञ सेवा उपलब्ध नभएको अवस्थामा सम्बन्धित सरकारी निकाय वा मान्यताप्राप्त सेवा प्रदायकसँग समन्वय गरी उपयुक्त सेवा केन्द्रमा रेफरल गरिनेछ।

**२६. पुनःपीडितीकरण रोकथाम:** (१) बालबालिकालाई एउटै घटनाबारे अनावश्यक रूपमा पटकपटक बयान दिन बाध्य पार्न हुँदैन।

(२) उजुरी तथा संरक्षण प्रक्रियामा बालबालिकामाथि दोषारोपण, अपमान, धम्की वा दबाब दिन पाइनेछैन।

(३) बालबालिकाको उमेर, परिपक्वता, अवस्था तथा विशेष आवश्यकताअनुसार बालमैत्री प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।

## परिच्छेद-८

## बाल संरक्षण आचारसंहिता

**२७. आचारसंहिता पालना गर्नुपर्ने:** विद्यालय, गाउँपालिका तथा बालबालिकासँग प्रत्यक्ष काम गर्ने संस्थाका पदाधिकारी, शिक्षक, कर्मचारी, स्वयंसेवक, सेवा प्रदायक तथा सम्बन्धित अन्य व्यक्तिले अनुसूची-१ बमोजिमको बाल संरक्षण आचारसंहिता पालना गर्नुपर्नेछ।

**२८. आचारसंहिता उल्लङ्घन:** (१) आचारसंहिता उल्लङ्घन गर्ने व्यक्तिको हकमा निजको सेवा, करार, पद तथा सम्बन्धित कानूनअनुसार आवश्यक प्रशासनिक, विभागीय वा अनुशासनात्मक प्रक्रिया अघि बढाइनेछ।

(२) कार्य कसूरजन्य भएमा प्रचलित कानूनबमोजिम सम्बन्धित अधिकारप्राप्त निकायमा सूचना तथा आवश्यक कागजात पठाइनेछ।

## परिच्छेद-९

## जोखिम व्यवस्थापन

**२९. बाल संरक्षण जोखिम लेखाजोखा:** विद्यालय तथा संस्थाले बालबालिका सहभागी हुने कार्यक्रम सञ्चालन गर्नुअघि आवश्यकताअनुसार बाल संरक्षण जोखिम लेखाजोखा गर्नुपर्नेछ।

**३०. जोखिमका क्षेत्र:** जोखिम लेखाजोखा गर्दा विशेषतः देहायका विषय विचार गर्नुपर्नेछः-

(क) विद्यालय परिसर,

(ख) शौचालय तथा सरसफाइ स्थल,

(ग) आवागमन तथा यातायात,

(घ) विद्यालय बस वा अन्य सवारी साधन,

(ङ) भ्रमण तथा अतिरिक्त क्रियाकलाप,

(च) खेलकुद,

(छ) आवासीय कार्यक्रम,

(ज) डिजिटल तथा अनलाइन माध्यम,

(झ) अपरिचित व्यक्ति वा सेवा प्रदायकको पहुँच,

(ञ) विपद् तथा आपत्कालीन अवस्था,

(ट) अपाङ्गता भएका बालबालिकाका विशेष जोखिम,

(ठ) नदी, खोला, पुल तथा जलजन्य जोखिम,

(ड) पहिरो, बाढी, भूकम्प तथा अन्य स्थानीय विपद् जोखिम,

(ढ) विद्यालय जाने दुर्गम वा जोखिमपूर्ण पैदलमार्ग,

(ण) विद्यालय भवन तथा संरचनागत जोखिम,

(त) बाल श्रम तथा विद्यालय बाहिरिने जोखिम,

(थ) अन्य सम्भावित जोखिम।

**३१. सुरक्षा योजनाः** जोखिम पहिचान भएपछि विद्यालय वा संस्थाले जोखिम न्यूनीकरणका उपाय, जिम्मेवार व्यक्ति, सम्पर्क प्रणाली तथा आकस्मिक प्रतिकार्यको व्यवस्था समावेश गरी आवश्यक सुरक्षा योजना बनाउनुपर्नेछ।

## परिच्छेद-१०

## डिजिटल माध्यम तथा सूचना प्रविधिसम्बन्धी बाल संरक्षण

**३२. डिजिटल सुरक्षाः** (१) बालबालिकाको डिजिटल तथा अनलाइन सुरक्षाका लागि विद्यालयले आवश्यक सचेतना तथा सुरक्षा व्यवस्था गर्नुपर्नेछ।

(२) बालबालिकाको फोटो, भिडियो, आवाज वा अन्य व्यक्तिगत सामग्री अनधिकृत रूपमा सङ्कलन, प्रयोग वा सार्वजनिक गर्न पाइनेछैन।

(३) विद्यालय वा संस्थाले बालबालिकासँग सम्बन्धित डिजिटल सामग्री प्रयोग गर्दा प्रचलित कानून तथा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्नेछ।

**३३. सामाजिक सञ्जाल तथा सञ्चारः** बालबालिकासम्बन्धी घटना, उजुरी वा संवेदनशील विवरण सामाजिक सञ्जाल, सञ्चार माध्यम वा अन्य सार्वजनिक माध्यमबाट प्रसारण वा प्रकाशन गर्दा बालबालिकाको गोपनीयता, मर्यादा तथा प्रचलित कानूनको पूर्ण पालना गर्नुपर्नेछ।

## परिच्छेद-११

## गाउँपालिकाको भूमिका तथा समन्वय

**३४. गाउँपालिकाको जिम्मेवारी:** गाउँपालिकाले देहायका कार्य गर्नेछः-

(क) बाल संरक्षणसम्बन्धी स्थानीय नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने,

(ख) यस मापदण्डको कार्यान्वयन तथा अनुगमन गर्ने,

(ग) विद्यालय तथा सम्बन्धित संस्थालाई आवश्यक प्राविधिक तथा संस्थागत सहयोग उपलब्ध गराउने,

(घ) बाल संरक्षणसम्बन्धी क्षमता विकास तथा अभिमुखीकरण सञ्चालन गर्ने,

(ङ) आवश्यक सेवा प्रदायकसँग समन्वय गर्ने,

(च) जोखिममा रहेका बालबालिकाको संरक्षणका लागि आवश्यक व्यवस्था गर्ने,

(छ) बाल संरक्षणसम्बन्धी तथ्याङ्क तथा अभिलेख व्यवस्थापन गर्ने,

(ज) स्थानीय बाल अधिकार समिति तथा बाल कल्याण अधिकारीमार्फत आवश्यक संरक्षण तथा सेवा समन्वय गर्ने,

(झ) ९ वटै वडा कार्यालयमा बाल संरक्षणसम्बन्धी समन्वय व्यवस्था प्रभावकारी बनाउने,

(ञ) बाल संरक्षणसम्बन्धी रेफरल तथा सेवा नक्सा तयार गरी सम्बन्धित विद्यालय तथा निकायलाई उपलब्ध गराउने,

(ट) वार्षिक बाल संरक्षण अवस्था प्रतिवेदन तयार गर्ने।

**३५. स्थानीय बाल अधिकार समितिसँग समन्वय:** (१) ऐनको दफा ६० बमोजिम गाउँपालिकामा रहने स्थानीय बाल अधिकार समितिसँग बाल संरक्षणसम्बन्धी विषयमा आवश्यक समन्वय गरिनेछ।

(२) स्थानीय बाल अधिकार समितिको सदस्य संख्या, काम, कर्तव्य, अधिकार तथा बैठकसम्बन्धी व्यवस्था प्रचलित कानून तथा गाउँपालिकाबाट निर्धारण गरिएको व्यवस्थाबमोजिम हुनेछ।

(३) स्थानीय बाल अधिकार समितिले प्रचलित कानूनको अधीनमा रही स्थानीय बाल संरक्षण योजना, समन्वय, अनुगमन, सेवा सहजीकरण तथा बाल अधिकार प्रवर्द्धनसम्बन्धी कार्यमा भूमिका निर्वाह गर्नेछ।

**३६. बाल कल्याण अधिकारीसँग समन्वय:** (१) ऐनको दफा ६१ बमोजिम रहने बाल कल्याण अधिकारीसँग बाल संरक्षण, जोखिममा रहेका बालबालिका, विशेष संरक्षण आवश्यक भएका बालबालिका तथा पीडित बालबालिकाको संरक्षणका विषयमा आवश्यक समन्वय गरिनेछ।

(२) बाल कल्याण अधिकारीले ऐन, नियमावली तथा प्रचलित कानूनबमोजिम आफ्नो काम, कर्तव्य र अधिकार प्रयोग गर्नेछ।

(३) बाल कल्याण अधिकारीले आवश्यकता अनुसार संरक्षण योजना, रेफरल, सेवा समन्वय, पुनर्स्थापना, पुनर्मिलन तथा फलोअपमा सहजीकरण गर्नेछ।

**३७. वडा तहको बाल संरक्षण व्यवस्था:** (१) प्रत्येक वडा कार्यालयले बाल संरक्षणसम्बन्धी विषयमा गाउँपालिकासँग समन्वय गरी कार्य गर्नेछ।

(२) वडा कार्यालयले-

(क) बाल संरक्षणसम्बन्धी सूचना तथा जोखिमको जानकारी ग्रहण गर्ने,

(ख) जोखिममा रहेका बालबालिकाको सूचना बाल कल्याण अधिकारी वा सम्बन्धित निकायमा पठाउने,

(ग) आवश्यकताअनुसार विद्यालय, स्वास्थ्य संस्था, प्रहरी तथा समुदायसँग समन्वय गर्ने,

(घ) बाल संरक्षणसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने,

(ङ) विपद् तथा आपत्कालीन अवस्थामा बालबालिकाको संरक्षणमा सहयोग गर्ने,

(च) गाउँपालिकाले तोकेको ढाँचामा आवश्यक प्रतिवेदन पेश गर्ने।

(३) वडा कार्यालयले प्रचलित कानूनबमोजिम अधिकारप्राप्त निकायको अनुसन्धान वा न्यायिक अधिकार प्रयोग गर्न पाउने छैन।

## परिच्छेद-१२
## अनुगमन, अभिलेख तथा प्रतिवेदन

**३८. अनुगमनः** (१) गाउँपालिकाले यस मापदण्डको कार्यान्वयनको नियमित वा आवश्यकताअनुसार अनुगमन गर्न सक्नेछ।

(२) अनुगमन गर्दा बालबालिकाको गोपनीयता तथा मर्यादा कायम गर्नुपर्नेछ।

(३) अनुगमनबाट देखिएका कमी कमजोरी सुधार गर्न गाउँपालिकाले सम्बन्धित विद्यालय वा संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

**३९. अभिलेखः** (१) प्रत्येक विद्यालय तथा सम्बन्धित संस्थाले बाल संरक्षणसम्बन्धी उजुरी, घटना, जोखिम मूल्याङ्कन, संरक्षण, रेफरल, सेवा तथा फलोअपसम्बन्धी अभिलेख राख्नुपर्नेछ।

(२) यस्तो अभिलेख सुरक्षित तथा गोप्य रूपमा राख्नुपर्नेछ।

(३) अभिलेखमा आवश्यकताभन्दा बढी व्यक्तिगत पहिचान खुल्ने विवरण राख्नुहुँदैन।

**४०. प्रतिवेदनः** (१) विद्यालय तथा सम्बन्धित संस्थाले यस मापदण्डको कार्यान्वयन तथा बाल संरक्षणसम्बन्धी गतिविधिको वार्षिक प्रतिवेदन गाउँपालिकाले तोकेको ढाँचामा पेश गर्नुपर्नेछ।

(२) गम्भीर वा कसूरजन्य घटना भएमा वार्षिक प्रतिवेदनको प्रतीक्षा नगरी सम्बन्धित निकायलाई तत्काल जानकारी गराउनुपर्नेछ।

(३) प्रतिवेदनमा बालबालिकाको पहिचान खुल्ने व्यक्तिगत विवरण समावेश गर्नुहुँदैन, कानूनबमोजिम आवश्यक अवस्थामा बाहेक।

(४) गाउँपालिकाले प्राप्त प्रतिवेदनका आधारमा समष्टिगत बाल संरक्षण अवस्था प्रतिवेदन तयार गर्न सक्नेछ।

## परिच्छेद-१३
## क्षमता विकास, स्रोत तथा बजेट

**४१. क्षमता विकास:** गाउँपालिका तथा विद्यालयले शिक्षक, कर्मचारी, बालबालिका, अभिभावक, बाल क्लब, सेवा प्रदायक तथा सम्बन्धित सरोकारवालाका लागि बाल अधिकार, बाल संरक्षण, हिंसा रोकथाम, उजुरी व्यवस्थापन, गोपनीयता, मनोसामाजिक सहयोग तथा रेफरल प्रणालीसम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गर्नेछ।

**४२. बजेट तथा स्रोत:** (१) गाउँपालिकाले स्वीकृत वार्षिक नीति तथा कार्यक्रम तथा बजेटको अधीनमा रही बाल संरक्षणका लागि आवश्यक बजेट विनियोजन गर्न सक्नेछ।

(२) विद्यालयले उपलब्ध स्रोत तथा स्वीकृत कार्यक्रमको अधीनमा रही बाल संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गर्नुपर्नेछ।

(३) बाल संरक्षणसम्बन्धी खर्च प्रचलित आर्थिक कानूनबमोजिम गर्नुपर्नेछ।

## परिच्छेद-१४
## विविध

**४३. सेवा प्रदायकसँगको सहकार्य:** (१) गाउँपालिका वा विद्यालयले बालबालिकासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने सेवा प्रदायक, गैरसरकारी संस्था, सामाजिक संस्था वा अन्य निकायसँग सहकार्य गर्दा यस मापदण्ड तथा प्रचलित कानूनको पालना सुनिश्चित गर्नुपर्नेछ।

(२) त्यस्ता निकाय तथा संस्थाबाट कार्यरत पदाधिकारी, कर्मचारी, स्वयंसेवक तथा कार्यक्रमसँग प्रत्यक्ष संलग्न व्यक्तिले गाउँपालिकाको बाल संरक्षण आचारसंहिता पालना गर्नुपर्नेछ।

(३) आवश्यकताअनुसार सेवा प्रदायकसँगको सम्झौता वा समझदारीपत्रमा बाल संरक्षणसम्बन्धी दायित्व, गोपनीयता, उजुरी तथा रिपोर्टिङ, बालबालिकाको सुरक्षा र आचारसंहितासम्बन्धी व्यवस्था समावेश गर्नुपर्नेछ।

(४) बालबालिकासँग प्रत्यक्ष सम्पर्कमा रही कार्यक्रम सञ्चालन गर्ने सेवा प्रदायकले कार्यक्रम प्रारम्भ गर्नुअघि अनुसूची—६ बमोजिमको बाल संरक्षण प्रतिबद्धता पेश गर्नुपर्नेछ।

४४. **बालबालिकाको सहभागिता:** बालबालिकासम्बन्धी नीति, योजना, कार्यक्रम तथा निर्णय प्रक्रियामा बालबालिकाको उमेर, क्षमता तथा परिपक्वताअनुसार सुरक्षित, अर्थपूर्ण तथा स्वैच्छिक सहभागिता सुनिश्चित गर्नुपर्नेछ।

४५. **अभिभावक तथा समुदायको भूमिका:** अभिभावक तथा समुदायले बालबालिकाको सुरक्षा, शिक्षा, स्वास्थ्य, विकास तथा सहभागिताको अधिकार सुनिश्चित गर्न सहयोग गर्नुपर्नेछ र बालबालिकाविरुद्धको हिंसा, दुर्व्यवहार वा जोखिमको सूचना पाएमा सम्बन्धित निकायमा जानकारी गराउन प्रोत्साहित गरिनेछ।

४६. **बाधा अड्काउ फुकाउने:** यस मापदण्डको कार्यान्वयनमा कुनै व्यावहारिक बाधा उत्पन्न भएमा बालबालिकाको सर्वोत्तम हित तथा प्रचलित कानूनको प्रतिकूल नहुने गरी गाउँकार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

४७. **व्याख्या गर्ने अधिकार:** यस मापदण्डको कुनै प्रावधानको कार्यान्वयन वा व्याख्याका सम्बन्धमा द्विविधा भएमा प्रचलित कानूनको अधीनमा रही गाउँकार्यपालिकाले आवश्यक व्याख्या गर्न सक्नेछ।

४८. **संशोधन तथा परिमार्जन:** गाउँकार्यपालिकाले आवश्यकता र अनुभवका आधारमा प्रचलित कानूनको अधीनमा रही यस मापदण्डमा संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

४९. **प्रचलित कानूनबमोजिम हुने:** (१) यस मापदण्डको कुनै व्यवस्था प्रचलित संघीय वा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म सो व्यवस्था अमान्य हुनेछ र सम्बन्धित विषयमा प्रचलित कानूनबमोजिम हुनेछ।

(२) यस मापदण्डमा व्यवस्था नभएको विषयमा प्रचलित कानूनबमोजिम हुनेछ।

# अनुसूची—१

## दफा २७ सँग सम्बन्धित

## बाल संरक्षण आचारसंहिता

म ........................................................ पदमा रही शिवालय गाउँपालिका/विद्यालय/संस्था/कार्यक्रममा बालबालिकासँग सम्बन्धित कार्य गर्ने क्रममा देहायका आचारसंहिता पालना गर्न प्रतिबद्ध छुः—

१. बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनेछु।

२. बालबालिकासँग सम्मानजनक, समान तथा बालमैत्री व्यवहार गर्नेछु।

३. बालबालिकामाथि शारीरिक दण्ड, मानसिक यातना, अपमान, धम्की वा दुर्व्यवहार गर्नेछैन।

४. बालबालिकाविरुद्ध कुनै पनि प्रकारको हिंसा, शोषण, उपेक्षा वा भेदभाव गर्नेछैन।

५. बालबालिकासँग यौनजन्य वा अनुचित व्यवहार गर्नेछैन।

६. आफ्नो पद, शक्ति, प्रभाव वा जिम्मेवारीको दुरुपयोग गर्नेछैन।

७. बालबालिकाको व्यक्तिगत विवरण, फोटो, भिडियो वा अन्य सामग्रीको अनधिकृत प्रयोग वा प्रकाशन गर्नेछैन।

८. बालबालिकासम्बन्धी संवेदनशील सूचना गोप्य राख्नेछु।

९. बालबालिकाविरुद्धको हिंसा, दुर्व्यवहार वा जोखिमबारे जानकारी प्राप्त भएमा सम्बन्धित अधिकारी वा निकायलाई जानकारी गराउनेछु।

१०. बालबालिकालाई कानूनविपरीत श्रम वा जोखिमपूर्ण कार्यमा लगाउनेछैन।

११. बालबालिकाको विचार, मर्यादा तथा सहभागिताको सम्मान गर्नेछु।

१२. बालबालिकासँग अनावश्यक वा अनुचित व्यक्तिगत सम्पर्क कायम गर्नेछैन।

१३. बालबालिकालाई व्यक्तिगत लाभ, काम वा सेवाका लागि दुरुपयोग गर्नेछैन।

१४. बाल संरक्षणसम्बन्धी प्रचलित कानून तथा शिवालय गाउँपालिकाको बाल संरक्षण मापदण्ड, २०८३ को पालना गर्नेछु।

नाम, थर : ........................................

पद : ................................................

संस्था : ..............................................

हस्ताक्षर : ..........................................

मिति : ................................................

## अनुसूची–२

## दफा १९ सँग सम्बन्धित

## बाल संरक्षणसम्बन्धी उजुरी/सूचना फाराम

१. उजुरी प्राप्त मिति : ....................................

२. उजुरीको माध्यम :

☐ मौखिक ☐ लिखित ☐ फोन ☐ विद्युतीय माध्यम ☐ अन्य

३. घटना/जोखिमको प्रकृति :

..........................................................................

४. घटना भएको मिति/स्थान :

..........................................................................

५. पीडित/प्रभावित बालबालिकाको कोड नं. : ....................

६. उमेर : .................... लिङ्ग : ....................

७. वडा : .................... विद्यालय/संस्था : ....................

८. सम्बन्धित/आरोपित व्यक्तिको विवरण :

..........................................................................

९. घटनाको संक्षिप्त विवरण :

..........................................................................

१०. तत्काल सुरक्षा जोखिम :

☐ छ ☐ छैन

११. तत्काल गरिएको संरक्षणात्मक कार्य :

..........................................................................

१२. सम्बन्धित निकायमा रेफर गरिएको भए :

निकाय : ........................................................

मिति : ..........................................................

१३. उजुरीकर्ताको विवरण :

नाम : ..........................................................

सम्पर्क : ........................................................

पहिचान गोप्य राख्ने : ☐ हो ☐ होइन

१४. अभिलेख गर्ने व्यक्तिको विवरण :

नाम : ..........................................................

पद : ..........................................................

हस्ताक्षर : ....................................................

## अनुसूची—३

## दफा २९ सँग सम्बन्धित

## बाल संरक्षण जोखिम लेखाजोखा फाराम

| क्र.सं. | जोखिमको क्षेत्र | जोखिमको अवस्था | जोखिमको स्तर | न्यूनीकरणको उपाय | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|---|
| १ | विद्यालय परिसर | | | | |
| २ | शौचालय/सरसफाइ | | | | |
| ३ | यातायात | | | | |
| ४ | भ्रमण/कार्यक्रम | | | | |
| ५ | खेलकुद | | | | |
| ६ | आवासीय कार्यक्रम | | | | |
| ७ | डिजिटल माध्यम | | | | |
| ८ | अपाङ्गता भएका बालबालिका | | | | |
| ९ | विपद्/आपत्कालीन अवस्था | | | | |
| १० | नदी/खोला/पुल | | | | |
| ११ | पहिरो/बाढी/भूकम्प | | | | |
| १२ | विद्यालय जाने पैदलमार्ग | | | | |
| १३ | विद्यालय भवन/संरचना | | | | |
| १४ | बाल श्रम/विद्यालय बाहिरिने जोखिम | | | | |
| १५ | अन्य | | | | |

## अनुसूची—४

## दफा ३९ सँग सम्बन्धित

## बाल संरक्षण घटना तथा उजुरी गोप्य अभिलेख

| क्र.सं. | मिति | घटना/उजुरी को प्रकार | पीडित/प्रभावित को कोड | तत्काल संरक्षण | रेफर गरिएको निकाय | फलोअप अवस्था |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**नोटः** यस अभिलेखमा वास्तविक नाम वा पहिचान खुल्ने विवरण अनावश्यक रूपमा उल्लेख गर्नुहुँदैन। आवश्यक व्यक्तिगत विवरण छुट्टै सुरक्षित तथा गोप्य अभिलेखमा राख्न सकिनेछ।

# अनुसूची–५

## दफा ४० सँग सम्बन्धित

## विद्यालय/संस्थाको वार्षिक बाल संरक्षण प्रतिवेदन

### १. संस्थाको परिचय

नाम : ...........................................................................

ठेगाना : .....................................................................

सम्पर्क : ....................................................................

### २. संस्थागत बाल संरक्षण व्यवस्था

| विषय | अवस्था | कैफियत |
|---|---|---|
| बाल संरक्षण सम्पर्क व्यक्ति | | |
| बाल संरक्षण तथा गुनासो सुनुवाइ समिति | | |
| बाल क्लब | | |
| गुनासो पेटिका/उजुरी माध्यम | | |
| आचारसंहिता लागू | | |
| जोखिम लेखाजोखा | | |
| सुरक्षा योजना | | |
| अभिमुखीकरण कार्यक्रम | | |
| रेफरल व्यवस्था | | |

### ३. बाल संरक्षणसम्बन्धी कार्यक्रम

| क्र.सं. | कार्यक्रम | मिति | सहभागी संख्या | उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

### ४. उजुरी तथा घटनाको अवस्था

| क्र.सं. | घटनाको प्रकृति | संख्या | संरक्षणात्मक कार्य | रेफरल अवस्था | फलोअप | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

### ५. प्रमुख जोखिम तथा चुनौती

.................................................................................

### ६. सुधारका लागि सुझाव

.................................................................................

## ७. आगामी वर्षको कार्ययोजना

.................................................................................................

प्रतिवेदन तयार गर्नेः

नाम : ..........................................................

पद : ..........................................................

हस्ताक्षर : ..................................................

प्रमाणित गर्नेः

प्रधानाध्यापक/संस्थाको प्रमुख

नाम : ..........................................................

हस्ताक्षर : ..................................................

## अनुसूची–६

## दफा ४३ सँग सम्बन्धित

## सेवा प्रदायक/साझेदारका लागि बाल संरक्षण प्रतिबद्धता

म/हामी ................................................ शिवालय गाउँपालिकासँग सहकार्य/सम्झौता गरी बालबालिकासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा काम गर्ने क्रममा शिवालय गाउँपालिकाको बाल संरक्षण मापदण्ड, २०८३, प्रचलित कानून तथा बाल अधिकारसम्बन्धी मान्यता र सिद्धान्तको पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/गर्दछौं।

विशेषतः–

(क) बालबालिकाविरुद्ध कुनै पनि प्रकारको हिंसा, दुर्व्यवहार, शोषण वा भेदभाव नगर्ने,

(ख) बालबालिकाको गोपनीयता तथा मर्यादा कायम गर्ने,

(ग) बालबालिकासम्बन्धी घटना वा जोखिमको जानकारी तत्काल सम्बन्धित निकायलाई दिने,

(घ) बालबालिकाको फोटो, भिडियो तथा व्यक्तिगत विवरणको दुरुपयोग नगर्ने,

(ङ) कार्यक्रम सञ्चालन गर्दा बाल संरक्षण जोखिमको मूल्याङ्कन गर्ने,

(च) गाउँपालिकाले तोकेको बाल संरक्षणसम्बन्धी आचारसंहिता पालना गर्ने,

(छ) प्रचलित कानूनविपरीत कुनै कार्य नगर्ने।

संस्था : ........................................................

जिम्मेवार व्यक्ति : ...........................................

पद : ..............................................................

हस्ताक्षर : ......................................................

मिति : ...........................................................

# अनुसूची–७

## दफा ३४ र ३६ सँग सम्बन्धित

## बाल संरक्षण रेफरल तथा सेवा समन्वय फाराम

१. घटना/उजुरी कोड : .....................................

२. प्रारम्भिक सम्पर्क निकाय :

☐ विद्यालय ☐ वडा ☐ गाउँपालिका ☐ बाल कल्याण अधिकारी ☐ अन्य

३. आवश्यक सेवाको प्रकार :

☐ सुरक्षा

☐ स्वास्थ्य

☐ मनोसामाजिक सहयोग

☐ कानूनी सहायता

☐ शिक्षा निरन्तरता

☐ अस्थायी संरक्षण

☐ पारिवारिक पुनर्मिलन

☐ पुनर्स्थापना/पुनःएकीकरण

☐ अन्य

४. रेफरल गरिएको निकाय/सेवा प्रदायक :

.....................................................................

५. रेफरल मिति : ...........................................

६. रेफरल गर्ने व्यक्ति : .......................................

७. प्राप्त सेवा :

.......................................................................

८. फलोअप आवश्यक : ☐ हो ☐ होइन

९. फलोअपको अवस्था :

.......................................................................

## अनुसूची—८

## वडा/विद्यालय बाल संरक्षण सम्पर्क व्यक्ति विवरण

| क्र.सं. | वडा/विद्यालय/संस्था | सम्पर्क व्यक्तिको नाम | पद | सम्पर्क नं. | मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची–९

## गम्भीर बाल संरक्षण घटनाको तत्काल सूचना/रेफरल फाराम

१. घटना कोड : ..............................................

२. सूचना प्राप्त मिति/समय : .................................

३. सूचना दिने निकाय/व्यक्ति : ................................

४. घटना भएको स्थान : .........................................

५. घटनाको प्रकृति : ............................................

६. तत्काल सुरक्षा जोखिम : □ छ □ छैन

७. तत्काल गरिएको संरक्षणात्मक कार्य :

.............................................................................

८. जानकारी गराइएको अधिकारप्राप्त निकाय :

.............................................................................

९. जानकारी गराइएको मिति/समय : ................................

१०. बाल कल्याण अधिकारीलाई जानकारी : □ गरियो □ गरिएन

११. थप आवश्यक सेवा/रेफरल :

.............................................................................

१२. अभिलेख गर्ने व्यक्ति : .....................................

पद : ..........................................................

हस्ताक्षर : ..................................................

**आज्ञाले,**

**गोपाल शाही**

**प्रमुख प्रशासकीय अधिकृत**